जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक १४६ २०८० साल पुस २५ गते बुधबार (10 Jan. 2024 Wednesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।**

*यस अंक भित्र :* २ पृष्ठमा : सोह्रौं योजनाको तयारी : स्वाथ्य, ३ पृष्ठमा : श्रमिकलाई आर्थिक बोझ थपिने ... ३ पृष्ठमाबङगलादेशको चुनाव स्वतन्त्र..

# प्रदेश सरकारको बजेटमा निर्माण भएको शौचालय संचालन नहुँदै बन्द



राजविराज नगरपालिका कार्यालय अगाडी विद्यालयको झ्याल थुनेर निर्माण गरिएको शौचालयलाई टिन ठोकेर बन्द गरिँदै ।

*तस्बिर : राजविराज दैनिक*

**नवीनकुमार गुप्ता**
**राजविराज, २४ पुस ।**

१८ महिना अघि राजविराज नगरपालिका अगाडी मधेश प्रदेश सरकारको बजेटबाट निर्माण गरिएको शौचालय बन्द गरिएको छ । यसले प्रदेश सरकारको लगानी बालुवामा पानी भएको प्रमाणित भएको छ ।

राजविराज नगरपालिका कार्यालय अगाडी बिद्यालयको झ्याल थुनेर निर्माण गरिएको उक्त शौचालय संचालन नहुँदै बन्द गरिएको हो ।

आर्थिक बर्ष २०७८/७९ को असार मसान्तमा मधेश प्रदेश सरकारको करिब २५ लाखको आर्थिक सहयोगबाट दुई वटा शौचालय निर्माण गरिएको थियो । एउटा नगरपालिका अगाडी रहेको रमेश नारायण दास आदर्श आधारभुत विद्या मन्दिरको झ्याल थुनेर र अर्को राजरंगशालाको पूर्वपट्टी ।

हचुवाको तालमा तथा उचित स्थानको छनौट र दुर्गामी सोचको अभावमा निर्माण गरिएको उक्त दुबै शौचालय अझै औपचारिक रुपमा संचालन समेत हुन सकेको छैन् । संचालन नहुँदै दुबै शौचालय फोहर, दुर्घन्धित बन्दै गएको छ ।

भगवती मन्दिर पोखरीको मुख्य प्रवेश द्वार छेउमा तथा आधारभुत बिद्यालयको झ्याल थुनेर निर्माण गरिएको शौचालय भन्दा ५० मिटर उत्तरतर्फ पनि एउटा निजि बिद्यालय छ । उक्त निजि बिद्यालयका बिद्यार्थीहरु बिद्यालय जाँदा शौचालयबाट निस्किने दुर्गन्धले नाक, मुख थुनेर जाने गर्छन् भने सरकारी बिद्यालयका बिद्यार्थीहरु बाँकी रहेका झ्याल थुनेर पढ्न बाध्य छन् ।

यस्तै रंगशालामा परिसरमा निर्माण गरिएको शौचालयको अवस्था पनि यस्तै छ । यी दुबै स्थानमा शौचालय दिर्घकालिन सोच बिनानै निर्माण गरिएको छ ।

निर्माण गरिएको उक्त शौचालयहरुमा पानीको व्यवस्था समेत छैन् भने शौच गर्ने प्यानमा प्लास्टिकको बोतल, ढुंगा, इट लगायतका सामाग्रिले पुरिएको छ । यति मात्र नभएर प्यान माथि नै शौच गरिएको र शौचालय बाहिर दिसा, पिसाबगरि फोहर गरिएको छ । सोही स्थानमा बनाइएको सेफ्टी ट्याङ्क नामको मात्र रहेको छ । शौचालयको ढोका समेत टुटफुट भएको छ । शौचालय फोहर फ्याल्ने स्थान बनेको छ ।

शौचालय निर्माण र संचालन नहुँदै बन्द गरिएको बारे राजबिराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बिष्णु गुरुङसँग सम्पर्क गर्दा उनले यसबारे आफूलाई केही पनि थाहा नभएको प्रतिक्रिया दिए । "शौचालय कहिले निर्माण भएको, कसरी र कुन बजेटबाट कसले निर्माण गरेको बारे मलाई थाहा छैन् ।" उनले भने ।

सहरको मुख्य चौकमा एउटा पनि सार्वजनिक शौचालयको व्यवस्था नगरेका कारण मानिसहरु जथाभावी

*बाँकी अन्तिम पृष्ठमा*

## मोटरसाइकल दुर्घटनामा दुई जनाको मृत्यु

**दैनिक समचारदाता**
**महोत्तरी, २४ पुस ।**

महोत्तरीको जलेश्वर-बर्दिबास सडकखण्डमा सोमबार राति दुईवटा मोटरसाइकल एकापसमा ठक्कर खाँदा दुई जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा रामगोपालपुर नगरपालिकाको थलही बिर्ताका ३० बर्षीय मुकेश चमार र भङ्गहा नगरपालिका-३ का ३२ वर्षीय धमेन्द्र महतो रहेका जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । दुवै जनाको उपचारका क्रममा शुभस्वस्तिक अस्पतालमा मृत्यु भएको

*बाँकी अन्तिम पृष्ठमा*

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

**हरहर महादेव जय श्रीराम ॐ नमः शिवाय**





यहि मिति २०८० साल माघ १ गतेका दिन मकरसंक्रान्तिको अवसरमा साधुसंत महन्त भक्तजनहरूलाई राजविराज नगरपालिका वडा नम्बर ७ स्थित प्राचीन महादेव श्री हरी नन्देश्वर महादेव मन्दिर प्रांगणमा भण्डाराको आयोजना गरिने भएकोले सम्पूर्ण जिल्लावासी, संतमहन्त साधुसंतलाई यस पावन अवसरमा भण्डारामा सहभागी भई प्रसाद ग्रहण गरी दिनुहुन सादर आमन्त्रण गरिन्छ ।

**स्थान :**
श्री हरी नन्देश्वर महादेव मन्दिर प्रांगण
राजविराज नगरपालिका-७

**समय :**
२०८०/१०/०१ गते सोमवार ११:०० देखि ०४:०० बजेसम्म

**चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्यावाट बचन**

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान, मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा सकेसम्म नखाऔं,
- शारीरीक व्यायमलाई निरन्तरता दिऔं,
- दम, हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गरौं,
- चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह बमोजिम गरौं

जाडोको जोखिमबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### रंगशाला निर्माणका लागि अग्रसरता देखाउ

सप्तरी जिल्लाको ऐतिहासिक खेलमैदान राजविराजस्थित राजरंगशाला पुनर्निमाणका लागि स्थानीय पालिकाले अझै अग्रसरता देखाउन सकेको छैन् । मधेश प्रदेश सरकारको २ करोड तथा संघीय सरकारको १ करोड ५० लाख रकम बिनियोजित हुँदा समेत राजबिराज नगरपालिकाले अहिलेसम्म निर्माण प्रक्रियाको कार्यलाई अगाडी बढाउन सकेको छैन् । जिल्ला खेलकुद विकास समितीको मातहतमा रहेको यस रंगशालालाई जिर्ण अवस्थाबाट उकास्न बजेट बिनियोजित हुँदा पनि नगरपालिका अझै अन्यौलमै छ ।

हाल यस रंगशाला खेलमैदान भन्दा पनि बढी गौचरणमा परिणत हुँदै शौच गर्ने थलो समेत भएको छ । त्यसबाहेक बिहानपख मर्निङ वाक गर्ने स्थान, दिउँसो गौचरण, साँझपख डेटिङ स्थल र राती शौच गर्नेमा प्रयोग भइरहेको छ । रंगशाला घेरिएको पर्खालदेखी दर्शक बस्ने प्यारापिट समेत जिर्ण भइसकेको छ । प्यारापिट जिर्ण भई कुनै पनि बेला दुर्घटना हुन सक्ने सम्भावना छ । खेलकुदका लागि निर्माण भएको यस रंगशालालाई नयाँ रुप दिन थोरै बजेट आएपनि कार्यको थालनी गर्न अझै गम्भिर नहुनु नगरपालिकाको अकर्मन्यता हो ।

रंगशाला पुनर्निमाणको कार्यलाई अहिलेदेखी नै तदारुकता देखाउनु आवश्यक छ । तसर्थ आर्थिक वर्षको अन्तमा टेन्डर निकालेर रकम दुरुपयोग गर्ने नियतीलाई अहिलेदेखी नै जिल्लाकाका राजनैतिक दल, बुद्धिजिवी, खेलाडी तथा सरोकारवाला निकायले खबरदारी गर्न जरुरी छ ।

# सोह्रौं योजनाको तयारी : स्वाथ्य, शिक्षाका योजनालाई अन्तिम रुप दिइँदै

काठमाडौं २४ पुस (रासस) ।

राष्ट्रिय योजना आयोगले आगामी पाँच वर्षभित्रमा पाँच वर्ष र सोभन्दा माथिको साक्षरता दर शत्प्रतिशत पुऱ्याउने लक्ष्य अघि सारेको छ । १६औँ योजनामा शिक्षा र स्वास्थ्य विषयका बारेमा भएको छलफलमा आयोगले छलफलका लागि प्रस्तुत गरेको मस्यौदामा यस्तो दर शत्प्रतिशत पुऱ्याउने उल्लेख छ ।

आयोगका अनुसार पाँच वर्ष र सोभन्दा माथिको साक्षरता दर अहिले ७६.२ प्रतिशतमात्रै छ । १६औँ योजना अवधि अर्थात् आर्थिक वर्ष २०८५/८६ सम्ममा यसलाई शत्प्रतिशत पुऱ्याउने आयोगले लक्ष्य लिएको हो । यसैगरी, १६औँ योजनाले शिक्षण सिकाइमा सबै विद्यालयमा इन्टरनेटको पहुँच पुऱ्याउने लक्ष्य अघि सारेको छ ।

अहिले सहरी क्षेत्रका विद्यालयमा शिक्षण सिकाइमा इन्टरनेटको पहुँच पुगे पनि अधिकांश विद्यालयमा शिक्षण सिकाइका लागि इन्टरनेटको पहुँच पुग्न सकेको छैन । यस्तो दर हाल ३५.९ प्रतिशत रहेकामा पाँच वर्षमा शत्प्रतिशत पुऱ्याउने आयोगले लक्ष्य निर्धारण गरेको हो ।

मस्यौदामा समेटिएको यो विषय फाइनल हुन भने बाँकी रहेको आयोगका सदस्य डा रमेशचन्द्र पौडेलले बताउनुभयो । छलफल अन्तिम चरणमा पुगेको छ । छलफलका क्रममा आएका सुझावसमेत समेटेर आयोगले योजनालाई अन्तिम रुप दिनेछ ।

**शिक्षा क्षेत्रको कूल बजेट १७ प्रतिशत**

शिक्षा क्षेत्रमा हाल सरकारले कूल बजेटको १०.९५ प्रतिशत बजेट विनियोजन गरेको छ । आगामी पाँच वर्षमा आयोगले शिक्षा क्षेत्रको बजेटलाई बढाएर १७ प्रतिशत बनाउने लक्ष्य लिएको छ । १६औँ योजनाको मस्यौदामा उल्लेख भएअनुसार हाल प्रारम्भिक बालविकास र शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको सङ्ख्या ७६.९ प्रतिशत रहेको छ । यसलाई बढाएर शत्प्रतिशत पुऱ्याउने आयोगको लक्ष्य छ ।

आधारभूत तह कक्षा १-८ मा पूरा गर्ने दर ७७.१ प्रतिशत रहेकामा यसलाई ९१ प्रतिशत पुऱ्याउने, माध्यमिक तहको कक्षा १२ सम्म पुग्ने दर ३५.६ प्रतिशत रहेकामा ५० प्रतिशत पुऱ्याउने र प्राविधिक विषयमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या हाल २०.७२ प्रतिशत रहेकामा यसलाई बढाएर २०८५/८६ सम्म ३० प्रतिशत पुऱ्याउने १६औँ योजनाको मस्यौदामा उल्लेख छ ।

**स्वास्थ्य क्षेत्रमा १६औँ योजना**

आयोगका स्वास्थ्य हेर्ने सदस्य डा आरपी विच्छाको अध्यक्षतामा भएको छलफलमा प्रस्तुत मस्यौदाअनुसार पाँचवर्षे आवधिक योजना अवधिमा गम्भीर प्रकृतिका रोगको विश्वसनीय विशिष्ट स्वास्थ्य उपचार स्वदेशमा नै हुन सक्ने गरी स्वास्थ्य प्रणालीको सुदृढीकरण गर्ने लक्ष्य राखिएको छ ।

सबै नागरिकमा स्वास्थ्य बीमा पुऱ्याउने लक्ष्यसहित आयोगले स्वास्थ्य सेवालाई सर्वव्यापी, पहुँचयुक्त र समतामूलक बनाउने लक्ष्य राखेको आयोगका सदस्य डा विच्छाले जानकारी दिनुभयो । १६औँ योजनामा विद्यमान स्वास्थ्य बीमा कार्यक्रमको समग्र पुनरावलोकन गरी समयानुकूल संशोधन एवम् परिमार्जन गरी सबै नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध गराउने लक्ष्य सरकारले लिने भएको छ । विशेषज्ञ र विशिष्टीकृत स्वास्थ्य सेवालाई समेत स्वास्थ्य बीमामा समेट्ने लक्ष्य योजनामा समेटिएको छ ।

जिल्लास्तरका अस्पतालको स्तरोन्नति गरी न्यूनतम् विशेषज्ञ सेवा उपलब्ध गराउने र सबै प्रदेशमा प्रदेश अस्पताल निर्माणको लक्ष्यसमेत १६औँ योजनाले तय गर्ने भएको छ । मातृ मृत्युदर प्रतिलाख जीवित जन्ममा अबको पाँच वर्षभित्र ८५ पुऱ्याउने १६ औँ योजनाको लक्ष्य छ । आधार वर्ष २०७९/८० मा मातृ मृत्युदर एक सय ५१ रहेको छ । सडक दुर्घटनामा ज्यान गुमाउने व्यक्तिको सङ्ख्या प्रतिएक लाखलाई ६.२ मा झार्ने लक्ष्य रहेको छ । अहिले यो आँकडा ९.५ रहेको छ ।

आगामी पाँच वर्षमा पूर्ण खोप लगाउने बालबालिका ९५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ । अहिले पूर्ण खोप लगाउने बालबालिका ८० प्रतिशत रहेका छन् । अहिले स्वास्थ्य बीमा कार्यक्रममा नवीकरण दर ३९ प्रतिशत रहेकोमा पाँच वर्षभित्र यो ९० प्रतिशतमा लैजाने लक्ष्य रहेको छ । ३० मिनेटको दूरीमा स्वास्थ्य संस्था भएका घरधुरी ७७ रहेकामा यसलाई बढाएर ८६ पुऱ्याउने १६औँ योजनाको लक्ष्य छ । पाँच वर्षमुनिका बच्चामध्ये जन्मदर्ता गरिएका बालबालिका शत्प्रतिशत पुऱ्याउने सरकारको लक्ष्य छ । अहिले यो ६३ प्रतिशतमात्र रहेको छ ।

आयोगले आगामी माघ मसान्तभित्र १६औँ योजनालाई अन्तिम रुप दिने गरी तयारी तीव्र बनाएको छ । आयोगका प्रवक्ता यमलाल भुसालका अनुसार सातै प्रदेशमा पुगेर प्रदेश सरकार र स्थानीय तहको समेत सुझाव समेटिएको छ । यसबाहेक निजी क्षेत्रसहित सबै क्षेत्रका विषय विज्ञ समेतको सुझाव लिएर १६औँ योजना निर्माणको काम भइरहेको छ ।

# शान्ति समाजको संरचनामा ४० प्रतिशत महिला अनिवार्य

काठमाडौं, २४ पुस (रासस) ।

मानव अधिकार तथा शान्ति समाजको केन्द्रीय तथा जिल्ला कार्यसमितिमा न्यूनतम ३३ प्रतिशत महिला प्रतिनिधित्व रहेकाले अब ४० प्रतिशत पुऱ्याउने सङ्कल्प प्रस्ताव पारित भएको छ ।

समाजको २६औँ राष्ट्रिय परिषद् बैठकले योसहित ११ वटा प्रस्ताव पारित गर्दै सम्पन्न भएको अध्यक्ष रामकृष्ण बरालले राससलाई जानकारी दिनुभयो । समाजले चुरे ध्वस्त पार्न पाइदैन : मरुभूमिकरण गर्ने नीति चाहिदैँन शीर्षकको प्रस्तावमा बाह्य दबाबमा परेर चुरे ध्वस्त पारी ढुङ्गा, गिटी निकासीको योजना पर्यावरणीय सन्तुलनका हिसाबले आपत्तिजनक भएको हुँदा चुरे ध्वस्त पार्ने नीति खारेज गर्न सरकारलाई आग्रह गरेको छ ।

विकासको अधिकार अन्तर्गत राष्ट्रिय परिषद् बैठकले तराई-मधेशको जीवनरेखाको रूपमा रहेको हुलाकी सडकमार्ग शीघ्र सम्पन्न गर्न ध्यानाकर्षण र कर्णालीको उत्थानमा योगदान गर्न १० बुँदाको आग्रहसहित प्रस्ताव पारित गरेको उहाँले बताउनुभयो । यसैगरी राष्ट्रलाई हानी पुऱ्याउने एनसेल घोटाला प्रकरण राज्यविरुद्धको अपराध भन्दै त्यसविरुद्ध बृहत् अभियान सञ्चालन गर्ने निर्णय पनि गरेको छ ।

सङ्क्रमणकालीन न्याय प्रक्रिया सम्बन्धमा संसद्मा विचाराधीन विधेयकलाई मानव अधिकारमैत्री बनाइ टुङ्गोमा पुऱ्याउन आग्रह गर्दै यस विषयमा संसद् संवेदनशील नबन्ने हो भने भविष्यमा विभिन्न खाले हस्तक्षेप निम्तिन सक्ने सम्भावनाप्रतिसमेत ध्यानाकर्षण गराएको छ । बातावरणमा हानी गर्ने सामग्री प्रयोग नगर्ने सङ्कल्पसहित २६औँ राष्ट्रिय परिषद् बैठकले लोकतन्त्रको प्राण: सुशासन र सद्भाव भएको स्मरण गराउँदै समुदायबीच स्थिर र सुमधुर सम्बन्धमा जोड दिएको छ ।

इजरायलको बर्बरता र हमासको आतङ्क विश्व शान्तिका लागि खतरा भएको भन्दै हमासद्वारा बन्धक बनाइएका विपीन जोशीसहित सबैको रिहाइको माग गरिएको छ,भने इजरायलले गरेको मानवताविरुद्धको अपराधको निन्दा गरिएको छ । शान्ति समाजले कार्यक्रम गर्दा पृथक स्वरुपका केही कार्यक्रमलाई छाडेर सबै कार्यक्रम नागरिक संवाद कार्यक्रमको रूपमा आयोजना गर्ने निर्णय पनि राष्ट्रिय परिषद् बैठकले गरेको छ ।

राष्ट्रिय परिषद्कै उद्घाटन सत्रलाई पनि सोही अनुरुप परिमार्जन गरिएको थियो । बर्ष २०८१ को राष्ट्रिय परिषद् बैठक शान्ति समाजको चितवन र नवलपुर शाखाको संयुक्त आयोजनामा हुदैंछ भने २०८२, ८३ र ८४ को राष्ट्रिय परिषद् बैठक पाल्पा, सुर्खेत र महोत्तरी शाखाको आतिथेयमा गर्ने निर्णय पनि परिषद् बैठकले गरेको छ ।

शान्ति समाज पर्सा शाखाको आतिथेयमा सम्पन्न बैठकमा ३२ जिल्ला शाखाबाट प्रतिनिधि तथा पर्यवेक्षक गरी १९१ को सहभागिता रहेको थियो । आयोजनाको खर्च आतिथेय पर्सा शाखाले र यातायात खर्च सहभागी स्वयंले बहन गरेको जनाइएको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# श्रमिकलाई आर्थिक बोझ थपिने निर्णय कार्यान्वयन नगर्न प्रधानमन्त्रीको निर्देशन

काठमाडौँ, २४ पुस (रासस)।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई थप आर्थिक भार पर्ने निर्णय तत्काल फिर्ता लिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिनुभएको छ। प्रधानमन्त्री कार्यालयमा मंगलबार श्रममन्त्री, सचिव र विभागीय कर्मचारीसँगको छलफलमा उहाँले मन्त्रालयले वृद्धि गरेको भनिएको शुल्क श्रमिकबाट नलिई यथावत् रूपमा हुने गरी कार्यान्वयनको व्यवस्था मिलाउन निर्देशन दिनुभयो।

प्रधानमन्त्री दाहालले मुलुकको अर्थतन्त्रमा वैदेशिक रोजगारीमा रहेका नेपालीको महत्वपूर्ण योगदान रहेको स्मरण गराउँदै श्रमिकलाई अतिरिक्त आर्थिक भार थप्ने मन्त्रालयको निर्णय कार्यान्वयन नगर्न निर्देशन दिनुभयो। "हाल वृद्धि भएको भनिएको शुल्क श्रमिकबाट नलिई यथावत् रूपमा हुने गरी कार्यान्वयनको व्यवस्था मिलाउनुहोला", उहाँले भन्नुभयो, "आन्तरिक वा वैदेशिक रोजगारीमा जाने श्रमिकलाई थप सेवा शुल्कलगायत थप आर्थिक बोझ पर्ने कुनै प्रकारको काम नगर्ने व्यवस्था गर्नुहोला।"

वैदेशिक रोजगारीमा जाने युवा अनुचित लेनदेन र दलालबाट ठगिएका उल्लेख गर्दै प्रधानमन्त्रीले उनीहरूलाई सरकारले नै सस्तो ब्याजमा ऋण दिने व्यवस्था मिलाउनुपर्ने बताउनुभयो। सामाजिक सुरक्षा कोषमा सङ्कलन भएको रकमलाई अधिकतम् लाभ हुने परियोजनामा लगानी गर्ने व्यवस्था मिलाउन निर्देशन दिँदै उहाँले श्रमिकलाई उद्यमशील बनाउने र वैदेशिक रोजगारीबाट फर्किएकाको ज्ञान सीप र पूँजीको पूर्ण उपयोग गर्ने वातावरण सृजना गर्न आग्रह गर्नुभयो।

प्रधानमन्त्री दाहालले सामाजिक सुरक्षा कोषमा औपचारिक, अनौपचारिक र वैदेशिक रोजगारी तथा स्वरोजगारमा रहेका श्रमिकको आबद्धता र विस्तारलाई प्राथमिकताका साथ कार्यान्वयन गर्न निर्देशन दिनुभयो। उहाँले वैदेशिक रोजगारीका स-साना कामका लागि पनि काठमाडौँ धाउनुपर्ने परिस्थितिको अन्त्य गरी सम्भव भएसम्म सबै सेवा स्थानीय तहबाटै प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्ने बताउनुभयो।

**आन्तरिक रोजगारी प्रवर्द्धन दशकको तयारी**

छलफलमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले विश्व श्रम बजार 'डिजिटलाइजेसन' भइसकेकाले त्यसलाई नेपालले पनि व्यवस्थित बनाउनुपर्नेमा जोड दिनुभयो। उहाँले युवालाई स्वदेशमै रोजगारीको वातावरण मिलाउन मन्त्रालयले आन्तरिक रोजगारी प्रवर्द्धन दशकको तयारी गरिरहेको बताउनुभयो।

मुख्यसचिव डा बैकुण्ठ अर्यालले भारतबाट कैयौँ नागरिक नेपाल आएर स्वरोजगारमूलक काम गरेर लाखौँ कमाउने दृष्टान्त दिँदै नेपालीले स्वदेशमै श्रम गर्दा हिच्किचाउने परिस्थितिको अन्त्य गर्न श्रम संस्कृति र अभिमुखीकरण आवश्यक रहेको बताउनुभयो। उहाँले वैदेशिक रोजगारीमा जाने नेपालीका लागि बैङ्किङ प्रणालीबाट नै सस्तो दरमा ऋण दिनसक्ने गरी आवश्यक तयारी गर्नुपर्ने बताउनुभयो।

श्रम मन्त्रालयका सचिव केवल भण्डारीले आगामी दशकलाई आन्तरिक रोजगारी प्रवर्द्धन दशकका रूपमा मनाउने गरी काम सुरु गरिएको र त्यसले देशभित्रै रोजगारी सृजनाका निम्ति सकारात्मक योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो। प्रधानमन्त्री रोजगार कार्यक्रमको ढाँचा परिवर्तन गरी त्यसलाई सीप र उत्पादनसँग जोड्न लागिएको उहाँले बताउनुभयो।

प्रधानमन्त्री कार्यालयका सचिव एकनारायण अर्यालले प्रधानमन्त्रीको नामसँग जोडिएका कार्यक्रमहरू छरिएका र तिनको प्रतिफल सन्तोषजनक नभएको वास्तविकता सुनाउँदै ती कार्यक्रमलाई एकीकृत गरी परिणाममुखी क्षेत्रमा परिचालन गर्नुपर्नेमा जोड दिनुभयो।

# अर्थतन्त्र सुधारका लागि उद्योग परिसंघको सरकारलाई सुझाव

काठमाडौँ, २४ पुस (रासस)।

नेपाल उद्योग परिसङ्घले मुलुकको अर्थतन्त्रको विकासका लागि कानुनमा गरिनुपर्ने सुधारसम्बन्धी विस्तृत सुझाव सरकारलाई बुझाएको छ। परिसङ्घ अध्यक्ष राजेशकुमार अग्रवाल नेतृत्वको टोलीले बिहान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई सो सुझाव हस्तान्तरण गरेको परिसङ्घले जनाएको छ। परिसङ्घले प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे एवं नेपाल सरकारका मुख्य सचिव डा बैकुण्ठ अर्याललाई पनि उक्त सुझाव बुझाएको छ।

परिसङ्दच्ीघले २८ वटा ऐन, नियमावलीमा संशोधन, पाँचवटा ऐन खारेज गर्न र तीनवटा नयाँ ल्याउनुपर्ने ऐन किटान गरी सरकारलाई अध्ययनसहितको सुझाव उपलब्ध गराएको हो।

परिसङ्घका अध्यक्ष अग्रवालले कानुन सुधारका लागि पहलकदमी लिन ढिला भइरहेको महसुस परिसङ्घले गरेकाले सरकारलाई सुझाव उपलब्ध गराएको बताउनुभयो। समृद्ध अर्थतन्त्रका लागि कानुनमा सुधार अपरिहार्य रहेको परिसङ्घको स्पष्ट धारणा रहेको उहाँको भनाइ छ।

कानुनका विज्ञ, उद्योगी व्यवसायी तथा सरोकारवाला निकाय एवं व्यक्तिसँगको गहन छलफल, विषय विज्ञको राय सुझाव, छिमेकी मुलुक र नेपालको आर्थिक भौगोलिक अवस्थासँग मेल खाने मुलुकको कानुनको अनुसन्धानात्मक अध्ययन गरी सुझाव उपलब्ध गराइएको उहाँको भनाइ छ।

अध्यक्ष अग्रवालले सरकारलाई बुझाइएको सुझावमा पाँचवटा खारेज गर्नुपर्ने, तीनवटा नयाँ कानुन ल्याउनुपर्ने, १८ ऐन तथा १० वटा नियमावली, एउटा कार्यविधि र एउटा आदेशका दफा उल्लेख गरिएको बताउनुभयो। उहाँका अनुसार औद्योगिक व्यवसाय ऐन, २०७६, औद्योगिक व्यवसाय नियमावली, २०७८, आयकर ऐन, २०५८, कम्पनी ऐन, २०६३, भूमिसम्बन्धी ऐन, २०२१, वन ऐन, २०७६, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७, सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५, सार्वजनिक-निजी साझेदारी तथा लगानी नियमावली, २०७७, विशेष आर्थिक क्षेत्र ऐन, २०७५ लगायत ऐनसम्बन्धी सुझाव छन्।

मुलुकको विद्यमान कानुनी व्यवस्थाको सुधारबाट समग्र आर्थिक विकासमा टेवा मिल्ने विश्वास परिसङ्घको छ। अध्यक्ष अग्रवालले आगामी वैशाखमा हुन लागेको लगानी सम्मेलन अगाडि नै कानुनमा सुधार गर्न सरकारले प्रक्रिया अगाडि बढाउने विश्वास व्यक्त गर्नुभयो।

त्यस अवसरमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले परिसङ्घले दिएका सुझाव महत्वपूर्ण भएको बताउँदै त्यसमा मनन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।


# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वञ्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वञ्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**


## विश्व समाचार

# बङ्गलादेशको चुनाव स्वतन्त्र र निष्पक्ष छैन : अमेरिका

वाशिङ्गटन डीसी, २४ पुस (रासस/एएनआई)।

संयुक्त राज्य अमेरिकाले आइतबार सम्पन्न बङ्गलादेशको आम चुनाव स्वतन्त्र र निष्पक्ष नभएको धारणा व्यक्त गरेको छ। अमेरिकाले चुनावमा सबै दलले भाग नलिएको विषयमा दुःखसमेत व्यक्त गरेको छ। बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिनाले विपक्षीदलले बहिष्कार गरेको चुनावमा अवामी लिग पार्टीका तर्फबाट संसद्को आधाभन्दा बढी सिट जितेर लगातार चौथो कार्यकालका लागि बहुमत प्राप्त गर्नु भएको छ।

संयुक्त राज्य अमेरिकाले पर्यवेक्षकसँग चुनाव स्वतन्त्र तथा निष्पक्ष नभएको धारणा व्यक्त गर्दै अमेरिकी विदेश मन्त्रालयले विज्ञप्तिमार्फत गहिरो खेद व्यक्त गरेको छ। विज्ञप्तिमार्फत अमेरिकाले बङ्गलादेशका जनताका लागि लोकतन्त्र र अभिव्यक्ति स्वतन्त्रताका लागि भने पूर्ण समर्थन रहेको बताएको छ।

हाल जेलमा रहेकी पूर्व प्रधानमन्त्री खालिदा जियाको नेतृत्वको बङ्गलादेश नेसनलिस्ट पार्टीको बहिष्कार बीच आइतबार सम्पन्न निर्वाचनमा शेख हसिना पाँचौं कार्यकालका लागि पुनः निर्वाचित हुनु भएको हो। अमेरिकाले राजनीतिक गिरफ्तारी तथा अनियमितताका साथै निर्वाचनका समयमा भइरहेका हिंसाको पनि निन्दा गरेको छ। अमेरिकाले बङ्गलादेशी सरकारलाई हिंसाको छानबिनका लागि आग्रह गरेको छ।

यसैगरी अमेरिका स्वतन्त्र र खुला इन्डो-प्यासिफिकको साझा दृष्टिकोणलाई अगाडि बढाउन बङ्गलादेशसँग साझेदारी गर्न प्रतिबद्ध रहेको विज्ञप्तिमार्फत सार्वजनिक गरेको छ। अमेरिका स्वतन्त्र, खुला इन्डो-प्यासिफिकको लागि साझा दृष्टिकोणलाई अगाडि बढाई, बङ्गलादेशमा मानवअधिकार र नागरिक समाजलाई समर्थन गर्दै जनताको आर्थिक सम्बन्धलाई सुदृढ गर्न साझेदारी गर्न प्रतिबद्ध भएको पनि अमेरिकाले जनाएको छ।

डेली स्टारका अनुसार, शेख हसिनाको पार्टीले १२औं संसदीय चुनावमा लगातार चौथो कार्यकाल जितेको छ। जुन चुनावमा सन् १९९१ मा प्रजातन्त्रको पुनःस्थापनापछि दोस्रो सबैभन्दा कम मतदाताको सहभागिता रहेको जनाइएको छ। प्रमुख विपक्षी बीएनपी र अन्य १५ दलको बहिष्कार बीच अवामी लिगले पाँच निर्वाचन क्षेत्रमा जित हासिल गरेको छ। विजयपछि, हसिनाले बङ्गलादेशका जनताको सेवा गर्ने प्रतिबद्धता व्यक्त गर्दै, बारम्बार मतदान गर्ने नागरिकहरू प्रति आफ्नो जिम्मेवारी बोध भएको बताउनुभएको छ।

# चीनमा सञ्चालित उच्च गति रेलवे ४५ हजार किलोमिटर पुग्यो

बेइजिङ, २४ पुस (रासस/सिन्ह्वा)।

चीनमा सञ्चालित उच्च-गति रेलवेको सन् २०२३ को अन्त्यसम्ममा ४५ हजार किलो मिटर ट्र्याक सम्पन्न भएको राष्ट्रिय रेल अपरेटरले मङ्गलबार जनाएको छ। चाइना स्टेट रेलवे कम्पनी लिमिटेडका अनुसार चीनको रेलवे सञ्जालको सञ्चालनको माइलेज एक लाख ५९ हजार किलोमिटर रहेको छ। चीनको रेल क्षेत्रमा लगानी १०७.७ बिलियन अमेरिकी डलर पुगेको देखिन्छ। जुन अघिल्लो वर्षको तुलानामा ७.५ प्रतिशतले बढी हो। सन् २०२३ मा कुल तीन हजार ६३७ किलोमिटर नयाँ ट्र्याकहरू सञ्चालनमा आएका छन्। जसमा २ हजार ७७६ किलोमिटर उच्च-गति रेलवेहरू समावेश छन्। गत वर्ष चीनको रेल पूर्वाधार निर्माणमा ३४ वटा परियोजनाको निर्माण र सञ्चालन, १०२ वटा रेलवे स्टेशनमा सेवाको शुरुवात् तथा निर्माणाधीन ११२ वटा परियोजनाको प्रगति समावेश रहेको कम्पनीले जनाएको छ।

# जापानमा भूकम्पमा परी मृत्यु हुनेको संख्या २०० नाग्यो

टोकियो, २४ पुस (रासस/एएफपी)।

जनवरी १ मा जापानमा गएको विनाशकारी भूकम्पका कारण मृत्यु हुनेको सङ्ख्या मङ्गलबारसम्म २०० नाघेको तथा १०० बढी अझै बेपत्ता रहेको अधिकारीहरूले बताएका छन्। उनीहरूका अनुसार, नयाँ वर्षको पूर्वसन्ध्यामा आएको ७.५ म्याग्निच्युडको भूकम्पले जापानको होन्सु टापुस्थित नोटो प्रायद्वीपमा आगलागी हुँदा भवन तथा पूर्वाधारहरू ध्वस्त भएका थिए। भूकम्प गएको आठ दिनसम्म पनि उद्धारकर्ता अवरुद्ध सडक र प्रतिकूल मौसमका बावझुत भग्नावशेष हटाउन र फसेका ३५ सय मानिसहरूसामु पुग्ने प्रयास गरिरहेका छन्।

इशिकावा क्षेत्रीय अधिकारीहरूले मङ्गलबार सार्वजनिक गरेको तथ्याङ्क अनुसार २०० जनाको मृत्यु भएको पुष्टि भएको छ भने १०२ जना बेपत्ता रहेको बताइएको छ। अधिकारीहरूले सोमबार केन्द्रीय तथ्याङ्क अद्यावधिक गर्दासम्म बेपत्ताको सङ्ख्या तीन गुणा बढेर तीन सय २३ पुगेको थियो। जसमा धेरै जसो अति प्रभावित क्षेत्र वाजिमाका मानिसहरू रहेको बुझिएको छ। प्रभावित क्षेत्रमा हिउँ परेकाले राहत कार्यमा कठिनाइ भईरहेको छ। सोमबारसम्म झन्डै ३० हजार मानिसहरू ४०० वटा सरकारी आश्रयस्थलमा शरण लिन बाध्य छन्। उनीहरूलाई पर्याप्त खाना, पानीको व्यवस्था गर्न कठिन भइरहेको अधिकारीहरूको भनाइ छ।

झण्डै ६० हजार घरधुरी खानेपानीविहीन छन् भने १५ हजार छ सय घरधुरी बिजुलीविहीन भएका छन्। दिनदिनै परेको वर्षा र पहिरोका कारण सडकको अवस्था बिग्रिएको छ। मङ्गलबारको दैनिक विपद्-राहत सरकारी बैठकमा, प्रधानमन्त्री फुमियो किशिदाले मन्त्रीहरूलाई समुदायको समस्या समाधान गर्न र प्रभावकारी उद्धार कार्य जारी राख्न" निर्देशन दिनु भएको छ।

जापानले हरेक वर्ष यस्ता भूकम्पको सामना गर्छ। यद्यपि चार दशकभन्दा बढी समयदेखि लागू भएको कडा भवन संहिताका कारण त्यतिठूलो क्षति भने भएको थिएन। पुराना संरचनाहरू भएका विशेष गरी नोटो जस्ता ग्रामीण क्षेत्रहरूमा भने अझै धेरै क्षति हुने गरेको छ। सन् २०११ को भूकम्पले सुनामी निम्त्याएको र करिब १८ हजार ५०० मानिसको मृत्यु भएको थियो।

